**कार्यपालिका बैठक संख्या नं. ५२** **स्थानः नगरपालिका भवन** **मिति २०८२/०३/२० गते**

**समयः विहान ११:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. बसपार्क मल तर्फको भेरियशन अर्डर सम्बन्धमा।
४. नगरपालिकाको प्रशासनिक भवनको भुक्तानी सम्बन्धमा।
५. वडा कार्यालयहरुको भवन निर्माणको भुक्तानी सम्बन्धमा।
६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन स्वीकृत सम्बन्धमा।
७. सार्वजनिक सुनुवाईको मिति तय गर्ने सम्बन्धमा।
८. भुक्तानी/फरफारक अनुमोदन सम्बन्धमा।
९. अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा।
१०. विरामी विदा संसोधन सम्बन्धमा।
११. भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौको ३५ दिने सूचना सम्बन्धमा।
१२. विभिन्न सडक निर्माण लागि भएको मेसीन प्रयोग र खपत भएको इन्धनको खर्च अनुमोदन सम्बन्धमा।
१३. बेरुजु फर्छयौटका लागि १ जना कर्मचारी ज्यालादारी करारमा नियुक्त गर्ने सम्बन्धमा।
१४. न्यूनतम दररेट निर्धारण सम्बन्धमा।
१५. खाद्य सुरक्षा सम्बन्धमा।
१६. बाँझो जमिन प्रयोग गर्न प्रोत्साहन गर्ने सम्बन्धमा।
१७. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको ४३औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कार्यविधि प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

१. मेला महोत्सव सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

२. बाँझो जग्गा उपयोग सम्बन्धी कार्यविधि, २०८२

**निर्णय नं. ३**

शारदा नगरपालिका वार्ड नं. १ मा रहेको कर्णाली प्रदेश सरकार- समपुरक अनुदान तर्फको ठेक्का नं. SMO/NCB/W/03/2081/82: श्रीनगर आधुनिक बसपार्क निर्माण शारदा- १, सल्यानको कार्य गर्नको लागि मिति २०८१ माघ ०६ गते श्री Khairabang Mai Construction Pvt. Ltd. संग रकम रु. ७०,२७,१६१।७० (अक्षरुपी सत्तरी लाख सत्ताइस हजार एक सय एकसट्ठी पैसा सत्तरी मात्र) भ्याट र पि. एस. बाहेकमा सम्झौता भई काम अघि बढाइएकोमा काम गर्ने क्रममा लागत अनुमान भन्दा निर्माण कार्यमा मुख्य गरी बरण्डा तथा भऱ्याङ्गमा स्टील रेलिङ्ग थप गर्नुपर्ने भएको र जुन कुरा शुरु लागत अनुमानमा थप हुने भएकोले उक्त निर्माण कार्य थप गर्दा सम्झौता रकम भन्दा भ्याट र पि. एस. बाहेक ६.३२ प्रतिशत रकम रु. ४,४४,३३५।९७ (चार लाख चवालिस हजार तिन सय पैतिस पैसा सन्तानब्बे मात्र) बढ्न जाने भएकोले भरियशन रकम विवरण सहित प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख हुँदै पेश हुन आएको टिप्पणी प्रतिवेदन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा शारदा सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १२७ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

शारदा नगरपालिकाको प्रशासनिक भवनको ठेक्का नं. SMO/NCB/W/01/2080/81: नगरपालिका भवन निर्माण तथा फिनिसिङ्ग कार्य गर्नका लागि मिति २०८०/०८/२५ गते श्री A.B.S. Nirman Sewa Pvt. Ltd., Salyan संग रकम रु. १,०८,२१,३८४।७१ (अक्षेरुपी एक करोड आठ लाख एक्काइस हजार तिन सय चौरासी पैसा एकहत्तर मात्र) भ्याट र पि. एस. मा सम्झौता भई काम अघि बढाइएकोमा काम गर्ने क्रममा लागत अनुमान भन्दा निर्माण कार्यमा मूख्य गरी विधुतीय सामग्री जडान तथा रंगरोगन लगायतका निर्माण कार्यमा थपघट भएको र जुन काम शुरु लागत अनुमान भन्दा फरक वा कमी हुने देखिएकोले उक्त निर्माण कार्यमा सम्झौता रकम भन्दा भ्याट र पि एस बाहेक ३.५७ प्रतिशत घटीले हुन आउने रकम रु ३,३९,०२७।८७ (अक्षेरुपी तिन लाख उन्चालिस हजार सत्ताइस रूपैया मात्र) भेरियसन गर्ने पर्ने भनी प्रमुख

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख हुँदै पेश हुन आएको टिप्पणी प्रतिवेदन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा शारदा सार्वजनिक खरिद नियमावली, २०८१ को नियम १२७ बमोजिम स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

शारदा नगरपालिका वार्ड नं ३, १० र १४ को भवन निर्माण ठेक्का नं SMO/NCB/W/01/2081/82: Construction of Office Buildings of Ward No. 3, 10 & 14 at Sharada Municipality कार्य गर्नका लागि मिति २०८१/०८/१६ गते श्री BHM Constructions संग रु. ९२,७३,७५८।८० (अक्षेरुपी बयानब्बे लाख त्रिहत्तहर हजार सात सय अन्ठाउन्न पैसा असी मात्र) भ्याट र पि एस बाहेकमा दुई वर्षे क्रमागत योजनाका रुपमा सम्झौता भई काम अगाडि बढाउदै जाँदा यस आर्थिक वर्षमा विनियोजन गरेको रकम भन्दा बढी काम गरेको प्राविधिक प्रतिवेदनबाट देखिन आएकोले समपुरक कोष (Matching Fund) संघीय सरकार शीर्षकबाट रु. १५ लाखसम्म थप रकम यसै आर्थिक वर्षमा भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ६**

यस नगरपालिकाको आयोजना तथा वास नेपालको सहजीकरणमा मिति २०८२ असार ११ देखि १३ सम्म सञ्चालित लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त यस नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन स्वीकृत गर्ने तथा यस प्रतिवेदनले प्रस्ताव गरेका कानूनी तथा कार्यान्वयनयोग्य सुझावहरुलाई आगामी वर्षमा नगरपालिकाको नीति, कार्यक्रम, बजेट तथा कार्यान्वयन कार्ययोजनामा समावेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को अन्तिम सार्वजनिक सुनुवाई तपसील अनुसार सञ्चालन गर्ने निर्णय गरियो।

तपसीलः

क) पालिकास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम – वार्ड नं ८ मार्के – मिति २०८२ असार २६ गते

ख) वडास्तरीय सार्वजनिक सुनुवाई कार्यक्रम – वार्ड नं ६ बरला – मिति २०८२ असार २७ गते

**निर्णय नं. ८**

यस आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२ङ) बमोजिम अनुमोदन गर्ने निर्णय गरियो। जसमा चालु तर्फ रु. ४१,०६,६०,२०७।६६ (८०.२७ प्रतिशत) पूँजीगत तर्फ रु. ११,६०,६७,६९७।०० (६७.३९ प्रतिशत) र समग्रमा ५२,६७,२७,९०४।६६ (७७.०२ प्रतिशत) रहेको छ।

**निर्णय नं. ९**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका नगर कार्यपालिकाको कार्यालय खलंगा, सल्यान

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले मिति २०८२ जेष्ठ १० गते देखि हालसम्मको पेश गर्नु भएको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

शारदा नगरपालिका नगर कार्यपालिकाको मिति २०८१ फाल्गुन २५ गते बसेको बैठकको निर्णय अनुसार कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१ को नियम ८२ उपनियम २ बमोजिम पेश हुन आएको यस शारदा नगरपालिका पशु सेवा शाखामा कार्यरत अधिकृत छैठौं पशु स्वास्थ्य प्राविधिक श्री कुष्मा के. सी. को मिति २०८१ फाल्गुन ४ गते देखि लागू हुने गरी बढीमा ६ महिनासम्म स्वीकृत वेतलबी प्रसुती विदा चलिरहेको अवस्थामा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०८२ असार ९ गतेको निर्णयानुसार नेपाल कृषि,भेटेरीनरी समूह, रा. प. तृतीय (प्रा.), पशु चिकित्सक पदमा मिति २०८२ जेष्ठ ५ गते दखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति भई मिति २०८२ आषाढ १२ गते देखि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा हाजिर भएको भनी निज कुश्मा के. सी. ले पेश गर्नु भएको विदा संसोधन निवेदन अनुसार मिति २०८१ फाल्गुन ४ देखि २०८२ असार ११ गते सम्मको विदा कायम गरी प्रसुती वेतलबी विदा संसोधन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

नेपाल सरकार, भूमि समस्या समाधान आयोगको मिति २०८२ जेष्ठ २९ गते प्रकाशित विगतका आयोग, समिति र कार्यदलका बाँकी कामका लागि निवेदन दिने सम्बन्धी ३५ दिने सूचना अनुसार यस नगरपालिकामा पनि सो कार्य गर्नका लागि प्रत्येक वडाहरुमा निवेदन संकलन गर्ने गरी सूचना प्रकाशन गर्ने र तोकिएको सो अवधिमा निवेदन संकलन गर्न नसक्ने अवस्था भएका पुनः सूचनाका लागि भूमि समस्या समाधान आयोगलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

यस आर्थिक वर्ष २०८१/८२ मा नयाँ सडकको ट्र्याक खोल्ने तथा जीर्ण सडकहरुको मर्मत एवं सरसफाईमा प्रयोग भएका स्काभेटर र व्याकहो लोडरले २०८२ असार ३ गते देखि हालसम्म प्रयोग गरेको इन्धन वापतको रकम रु. **५.८६** लाख बराबरको खर्च अनुमोदन गर्ने तथा आगामी वर्षातको समयलाई मध्य नजर गरी इन्धन व्यवस्थापनका लागि रु २० लाख बराबर इन्धन डिपोहरुलाई पेश्की उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १३**

यस नगरपालिकाको नाममा विगत वर्षहरु देखि लगत कसिएका बेरुजु व्यवस्थापन गर्ने सन्दर्भमा आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम कम्तीमा अधिकृतस्तरबाट सेवा निवृत्त कर्मचारीलाई ज्यालादारी करारमा १ एक वर्षका लागि नियुक्त गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने तथा निज कर्मचारीलाई मासिक रुपमा रु. ३२ हजार सम्म सेवा सुविधा प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. १४**

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम् दररेट तोक्ने कानूनी व्यवस्था भएको र यस शारदा नगरपालिका सल्यान जिल्लाको सदरमुकामको नगरपालिका भएकोले जिल्ला दररेट समितिले प्रत्येक आर्थिक वर्षको लागि निर्धारण गर्ने जिल्ला दररेटलाई नै स्थानीय दररेटका रुपमा प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

शारदा नगरपालिकाका सबै मानिसको पर्याप्त मात्रामा पोषणयुक्त खाद्य पदार्थ माथिको आर्थिक, सामाजिक र भौतिक पहुँच, उपलब्धता र उपयोगको सुनिश्चितताको गर्दै उपलब्ध खाद्यवस्तु स्वास्थ्यका दृष्टिले पनि स्वस्थ्य अनि पोसिलो हुनु पर्छ भन्ने मान्यतालाई जनमानसमा पुऱ्याउन तथा भावी दिनमा सबै नागरिकलाई खाद्य सुरक्षाका सम्बन्धमा सचेत रहन जानकारी उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

यस शारदा नगरपालिकाभित्र रहेका कुनै पनि खेतीयोग्य जमिनलाई उत्पादनमुखी बनाई खाद्य सुरक्षालाई सुनिश्चित गर्न बाँझो नराख्ने तथा बाँझो नहुन दिन नागरिकलाई प्रोत्साहन गर्नुका साथै लामो समयसम्म बाँझो जमिन राख्नेलाई प्रचलित कानून बमोजिम कारबाही अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १७**

विविध विषयमा तपसील अनुसार निर्णय गरियो ।

(क) नगरसभाको १७औं अधिवेशनमा प्रमुख अतिथिका रुपमा उपस्थित हुन भएका कर्णाली प्रदेशका पूर्व मूख्यमन्त्री माननीय श्री जीवन बहादुर शाही, विशिष्ठ अतिथि कर्णाली प्रदेश सभाका सदस्य माननीय श्री लक्ष्मी सुनार तथा अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री बेलाराम रावत र उपप्रमुख श्री असवीर बुढाथोकीलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्ने ।

(ख) नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालय र नगरपालिका संघको निमन्त्रणामा विभिन्न कार्यक्रममा भाग लिन मिति २०८२ असार १२ गते देखि असार १८ गतेसम्म गर्नु भएको काठमाण्डौंको भ्रमण गर्दाको खर्च अनुमोदन गर्ने ।

(ग) आर्थिक वर्ष २०८२/८३ को शुरूवातसंगै बजार अनुगमन कार्यलाई जोड दिने ।

(घ) कार्यपालिकाको नियमित बैठकमा उपस्थित नहुने सदस्यलाई कानून बमोजिम स्पष्टीकरण सोध्ने ।

(ङ) यस आर्थिक वर्षमा प्राप्त गर्नु पर्ने राजश्व प्राप्तीका लागि सम्बन्धित व्यक्ति, फर्म, कम्पनीलाई पत्राचार गर्ने तथा नगरपालिकाबाट भुक्तानी लिन बाँकी त्यस्तो व्यक्ति, फर्म, कम्पनीको भुक्तानी गर्न पूर्व राजश्व रकम असुल गरेर मात्र खर्च लेख्ने ।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८२ असार २० गते**